# उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

# Unnati Microfinance Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)

दर्ता नं.११८१५९/२०७०/०७१


प.सं. - च.नं. २०७५/७६- ४८६

मिति: २०७५/१०/०४

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,**
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**विषय:साधारण सभामा छलफल हुने विषयको जानकारी पेश गरिएको बारे ।**

महाशय,

उपरोक्त सन्दर्भमा, यस वित्तीय संस्थाको सन्चालक समितिको मिति २०७५/१०/०३ गते बसेको १२५ औं बैठकको निर्णयानुसार, मिति २०७५/१०/२६ गते आयोजित चौथो वार्षिक साधारण सभामा छलफल हुने विषयहरु तहाँको जानकारीको लागि पेश गरिएको व्यहोरा अनुरोध छ ।

**साधारण सभा वस्ने** :

मिति : २०७५ साल माघ २६ गते शनिवार (तदनुसार ०९ फेब्रुवरी, २०१९)

स्थान :होटल पौवा, सि.न.पा.-६, चिल्ड्रेनपार्क, भैरहवा, रुपन्देही ।

समय : बिहान ९.०० बजे ।

**छलफलका विषयहरु** :

क) **सामान्य प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७४/७५ को प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी पारित गर्ने ।

३. नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षणको निर्देशन बमोजिम सञ्चालक पदमा १ जनालाई सर्वसाधारणको प्रतिनिधित्व नहुन्जेलसम्मका लागि सञ्चालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गर्ने तथा संस्थापक शेयरधनी समूह "क" को २ जनालाई सञ्चालक पदमा वाँकी अवधिको लागि र सर्वसाधारण शेयरधनी समूह "ख" वाट प्रतिनिधित्व गर्ने २ जनालाई सञ्चालक पदको लागि निर्वाचन गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्तसम्म कायम रहेको चुक्ता पूँजीको २.१३ प्रतिशत कर प्रयोजनार्थ नगद लाभांश स्वीकृत गर्ने ।

५. कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व.२०७५/०७६ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने ।


केन्द्रीय कार्यालय, ठेगाना : सिद्धार्थनगर नगरपालिका –१२, रुपन्देही, फोन नं. :०७१–५२११२७,०७१–५२११२६ फ्याक्स नं. : ०७१–५२११२७

**ख)** **विशेष प्रस्तावहरु:**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्तसम्म कायम रहेको चुक्ता पूँजीको ४०.५० प्रतिशत बोनस शेयर स्वीकृत गर्ने र सोही हद सम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रबन्धपत्र र नियमावलीमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम हुने गरी वित्तीय संस्थाको नाम संशोधन गर्ने ।

३) बोनस शेयर र हकप्रद पश्चात कायम चुक्ता पूँजी रु. ०८ करोड ८२ लाख ७५ हजार को ५:१ अनुपातमा अर्थात २० प्रतिशत हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

४) अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

५) वित्तीय संस्थाको कार्यक्षेत्र विस्तार गरी राष्ट्रिय स्तरमा स्तरोन्नति गर्ने ।

६) वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न स्वीकृत गर्ने ।

७) वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त सस्थाहरुलाइ गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/ प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग)** **विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

__साधारण सभा सम्बन्धी जानकारी:__

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७५।१०।१६ गते १ (एक) दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७५।१०।१५ गते सम्म कारोवार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुमा वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न तथा गत तेस्रो वार्षिक साधारण सभावाट पारित भइ नेपाल धितोपत्र बोर्डवाट स्वीकृत भएको २०७५ आषाढ मसान्त सम्म कायम चुक्ता पूँजी रु. ५ करोड ५० लाख को ५:१ अनुपात अर्थात २० प्रतिशत हकप्रद शेयरमा आवेदन गर्न योग्य हुने छन् ।

२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ८.०० बजे देखि खुल्ला रहनेछ ।

३. कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देहीबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराइन्छ । उल्लेखित विवरण वित्तीय संस्थाको

# उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

# Unnati Microfinance Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)

दर्ता नं.११८१५९/२०७०/०७१


वेभसाइट ठेगाना www.unnatimfi.com.np मार्फत हेर्न सक्नुहुनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सूचना साथ संलग्न प्रवेशपत्रको साथै शेयर प्रमाणपत्र/निक्षेप सदस्यको बी.ओ.आई.डि. नम्बर, आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७५ साल माघ २४ गते विहानको ९.०० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

६. एकै शेयरधनीले एक भन्दा वढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रोक्सी मान्य हुने छैन ।

७. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ ।

८. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

९. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले वा समितीबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१०. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । जसबाट त्यस्तो विषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुने छ ।

११. यस वित्तीय संस्थाको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७२ शेयरधनीहरुले वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट रु.१,०००/- शुल्क तिरी प्राप्त गर्न सक्नुहुने छ ।

१२. समूह "क" र समूह "ख" अन्तर्गतका सञ्चालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीको लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देहीमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

१३. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

१४. अन्य जानकारीका लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देहीमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

भवदीय

प्रेम बहादुर पाठक

प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**

**Unnati Microfinance Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१४ जिल्ला कार्यक्षेत्र भएको)

दर्ता नं.११८१५९/२०७०/०७१

प.सं. - च.नं. २०७५/७६- ४८८ मिति: २०७५/१०/०४

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषय: शेयरधनी दर्ता किताब बन्द गर्ने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा, यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७५।१०।०३ गते बसेको १२५ औं बैठकको निर्णय अनुसार आगामी मिति २०७५।१०।२६ मा हुने चौथो वार्षिक साधारण सभा तथा हकप्रद शेयर प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

वित्तीय संस्थाको संचालक समितिको निर्णय बमोजिम मिति २०७५।१०।१६ गते एक दिन शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने निर्णय गरेको तथा मिति २०७५।१०।१५ गते भित्र **नेपाल स्टक एक्स्चेञ्ज लिमिटेडमा कारोबार भइ कायम शेयरधनीहरुले मात्र** वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न तथा गत तेस्रो वार्षिक साधारण सभावाट पारित भइ **नेपाल धितोपत्र बोर्डवाट स्वीकृत भएको २०७५ आषाढ मसान्त सम्म कायम चुक्ता पूँजी रु. ५ करोड ५० लाख** को ५:१ अनुपात अर्थात २० प्रतिशत हकप्रद शेयरमा आवेदन गर्न योग्य हुने छन् ।

भवदीय

प्रेम बहादुर पाठक
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव